रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (५) पछि देहायका उपदफा (५क), (५ख), (५ग) र (५घ), थपिएका छन् :-

"(५क) दफा ५ को उपदफा (१) को खण्ड (ख) अन्तर्गतको कसूर गर्नेलाई बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए सो वापत हुने सजाय समेत हुनेछ ।

(५ख) दफा ५ को खण्ड (ङ), (च) वा (छ) अन्तर्गतको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) एक हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना,

(ख) एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा छ महिनासम्म कैद वा दुवै,

(ग) दश हजार रुपैयाँ भन्दा बढीको बिगो भए बिगोको दोब्बर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै ।

(५ग) कसैले यस ऐन अन्तर्गत इजाजत प्राप्त नगरी वन्यजन्तु पालन वा प्रजनन् गरे गराएमा वा चिडियाखाना सञ्चालन गरेमा छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५घ)कसैले यस ऐन अनुसार कसूर हुने कुनै अपराधको उद्योग गरेमा त्यस्तो उद्योग गर्नेलाई संरक्षित वन्यजन्तु सम्बन्धी अपराधको उद्योग भए कसूरदारलाई भए सरह र अन्य वन्यजन्तु सम्बन्धी अपराधको उद्योग भए कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(४) उपदफा (६) मा रहेका "उपदफा (१), (२), (३), (४) र (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१), (२), (३),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

